# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, कमलपोखरी

## सूचना तथा प्रकाशन शाखा

## नेपाल वन सेवाको श्रेणीविहीन पदहरुको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. १६३४/०७९-८० प्रकाशन मिति २०८०/२/३१

नेपाल वन सेवाका निम्न समूहका श्रेणीविहीन पदहरु प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएका न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline1.psc.gov.np मार्फत आवेदन दिनुपर्नेछ।

### लोक सेवा आयोग, धनकुटा कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १०१३७/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | ७ (सात) |
| २. | १०१३८/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | २ (दुई) |
| ३. | १०१३९/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | १ (एक) |
| ४. | १०१४०/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | १ (एक) |
| ५. | १०१४१/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | अपाङ्ग | १ (एक) |

### लोक सेवा आयोग, खोटाङ कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | ११०१४/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | १० (दश) |
| २. | ११०१५/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | ३ (तीन) |
| ३. | ११०१६/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | २ (दुई) |
| ४. | ११०१७/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | २ (दुई) |

### लोक सेवा आयोग, जलेश्वर कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | ११४२१/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | ९ (नौ) |
| २. | ११४२२/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | ३ (तीन) |
| ३. | ११४२३/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | २ (दुई) |
| ४. | ११४२४/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | २ (दुई) |
| ५. | ११४२५/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | दलित | १ (एक) |

### लोक सेवा आयोग, काठमाडौं कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १२०९८/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | १८ (अठार) |
| २. | १२०९९/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | ५ (पाँच) |
| ३. | १२१००/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | ३ (तीन) |
| ४. | १२१०१/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | ३ (तीन) |
| ५. | १२१०२/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | दलित | १ (एक) |
| ६. | १२१०३/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | अपाङ्ग | १ (एक) |
| ७. | १२१०४/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | पिछडिएको क्षेत्र | १ (एक) |

### लोक सेवा आयोग, हेटौंडा कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १२५६१/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | २५ (पच्चिस) |
| २. | १२५६२/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | ६ (छ) |
| ३. | १२५६३/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | ६ (छ) |
| ४. | १२५६४/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | ४ (चार) |
| ५. | १२५६५/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | दलित | २ (दुई) |
| ६. | १२५६६/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | अपाङ्ग | १ (एक) |
| ७. | १२५६७/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | पिछडिएको क्षेत्र | १ (एक) |

### लोक सेवा आयोग, पोखरा कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १२९७२/०७९-८० | वन रक्षक, वन, जनरल फरेष्ट्री | खुला | १ (एक) |
| २. | १२९७३/०७९-८० | वन रक्षक, वन, जनरल फरेष्ट्री | आदिवासी/जनजाति | १ (एक) |

### लोक सेवा आयोग, बागलुङ कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १३५०८/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | ७ (सात) |
| २. | १३५०९/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | २ (दुई) |
| ३. | १३५१०/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | २ (दुई) |
| ४. | १३५११/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | २ (दुई) |

### लोक सेवा आयोग, दाङ कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १४४६७/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | २४ (चौबिस) |
| २. | १४४६८/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | ७ (सात) |
| ३. | १४४६९/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | ५ (पाँच) |
| ४. | १४४७०/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | ४ (चार) |
| ५. | १४४७१/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | दलित | २ (दुई) |
| ६. | १४४७२/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | अपाङ्ग | १ (एक) |
| ७. | १४४७३/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | पिछडिएको क्षेत्र | १ (एक) |

### लोक सेवा आयोग, जुम्ला कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १५४०८/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | १५ (पन्ध्र) |
| २. | १५४०९/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | ४ (चार) |
| ३. | १५४१०/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | ३ (तीन) |
| ४. | १५४११/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | ३ (तीन) |
| ५. | १५४१२/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | दलित | १ (एक) |
| ६. | १५४१३/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | अपाङ्ग | १ (एक) |

### लोक सेवा आयोग, दिपायल कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १५८३५/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | ४ (चार) |
| २. | १५८३६/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | १ (एक) |
| ३. | १५८३७/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | १ (एक) |
| ४. | १५८३८/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | १ (एक) |

### लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह | खुला/समावेशी | जम्मा मागपद संख्या |
|---|---|---|---|---|
| १. | १६३७०/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | खुला | १६ (सोह्र) |
| २. | १६३७१/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | महिला | ४ (चार) |
| ३. | १६३७२/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | आदिवासी/जनजाति | ४ (तीन) |
| ४. | १६३७३/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | मधेसी | ३ (तीन) |
| ५. | १६३७४/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | दलित | १ (एक) |
| ६. | १६३७५/०७९-८० | गेम स्काउट, वन, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | पिछडिएको क्षेत्र | १ (एक) |
| ७. | १६३७६/०७९-८० | माहुत, वन, हात्तिसार | मधेसी (पुन: विज्ञापन) | १ (एक) |
| ८. | १६३७७/०७९-८० | माहुत, वन, हात्तिसार | दलित (पुन: विज्ञापन) | १ (एक) |

**परीक्षाको किसिम :-** शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षा, प्रयोगात्मक परीक्षा, लिखित र अन्तर्वार्ता।

**परीक्षा केन्द्र:-** शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षा, प्रयोगात्मक परीक्षा तथा लिखित परीक्षाको परीक्षा केन्द्र विज्ञापनसँग सम्बन्धित कार्यालयहरुले पछि निर्धारण गरे अनुसार हुनेछ। जुन कार्यालयको विज्ञापनका लागि दरखास्त फाराम भरिएको छ, सोही कार्यालय अन्तर्गतका परीक्षा केन्द्रबाट परीक्षा दिनुपर्नेछ।

**दरखास्त दस्तुर:-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. २००।- (दुई सय) बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. १००।- (एक सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति:-** २०८०/३/१९ र दोब्बर दस्तुर २०८०/३/२६ सम्म।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

**उम्मेदवारको उमेर हद :-** २०८०/३/१९ सम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।

**दरखास्त दस्तुर बुझाउने अवधि:-** ढिलोमा २०८०/३/२७ गते सम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**प्रयोगात्मक तथा लिखित परीक्षा कार्यक्रम:-** दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षा, प्रयोगात्मक परीक्षा, लिखित परीक्षा र अन्तर्वार्ता कार्यक्रम पछि प्रकाशन गरिनेछ। वन रक्षक र गेम स्काउट पदहरुको हकमा शारीरिक परीक्षण र तन्दुरुस्ती परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुलाई मात्र लिखित परीक्षामा समावेश गराइनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह, उपसमूह सम्बन्धी।

**तलब:-** प्रचलित स्केल बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालय:-** वन तथा वातावरण मन्त्रालय।

### आवश्यक न्यूनतम योग्यता

**१) वन रक्षक, वन सेवा, जनरल फरेष्ट्री समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण गरी शारीरिक तन्दुरुस्त भएको।
**२) गेम स्काउट, वन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण गरी शारीरिक तन्दुरुस्त भएको।
**३) माहुत, वन सेवा, हात्तीसार समूह :** साधारण लेखपढ गर्न जान्ने स्वास्थ्य तन्दुरुस्त भई रुख चढ्न सक्ने र हात्ती हाँक्न जान्ने।

### वन रक्षक र गेम स्काउट पदको शारीरिक तन्दुरुस्ती परीक्षा योजना

**परीक्षाका इभेण्टहरु (Events)**

**(क) शारीरिक परीक्षण (शारीरिक परीक्षणको लागि देहायको मापदण्ड पूरा भएको हुनुपर्नेछ**

| क्र.सं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाइ | ५ फिट २ इन्च (५' २") | ५ फिट |
| २ | छाती | ३१-३३ इन्च (३१"– ३३") | — |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

**नोट: शारीरिक परीक्षणमा माथि उल्लेखित मापदण्ड पुग्ने उम्मेदवारहरु मात्र दरखास्तका लागि योग्य हुनेछन्। तोकिएको मापदण्ड पुरा नभइ दरखास्त पेश गरेमा उम्मेदवार स्वयम् जवाफदेही हुनुपर्नेछ।**

**(ख) तन्दुरुस्ती परीक्षा**

| क्र.सं. | विवरण |
|---|---|
| १ | २०० मिटर दौड |
| २ | ३००० मिटर दौड |
| ३ | रुख चढ्ने |
| ४ | पौडी |

**नोट : माथि उल्लेखित इभेन्टहरु क्रमशः सञ्चालन गरिनेछ, अघिल्लो इभेन्टमा असफल हुने उम्मेदवारहरु त्यसपछिको इभेन्टमा सहभागी हुन पाउने छैनन्।**

### माहुत पदको प्रयोगात्मक परीक्षा योजना

| क्र.सं. | विवरण |
|---|---|
| १ | हात्ती बाँध्ने, खोल्ने र सामान्य रुपमा हाँक्न जान्ने |
| २ | कुची बनाउने |
| ३ | रुख चढ्ने र पौडी खेल्ने |
| ४ | घाँसको पहिचान/घाँस चिन्ने |
| ५ | गद्दी र हौदा कस्ने |

**नोट: माहुत पदको प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता एकैदिन लिइनेछ। प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको प्राप्तांक जोडी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशित गरिनेछ।**

***द्रष्टव्य***

१. उम्मेदवारले दरखास्त पेश गर्दा वन रक्षक र गेम स्काउट पदको हकमा **"म शारीरिक तन्दुरुस्त छु"** भनी र माहुत पदको हकमा **"म साधारण लेखपढ गर्न जान्दछु, स्वस्थ्य तन्दुरुस्त छु, रुख चढ्न र हात्ती हाँक्न सक्छु"** भनी अनलाइन दरखास्त प्रणालीमा रहेको चेक बक्समा ठीक चिन्ह (√) लगाइ सो बमोजिमको न्यूनतम योग्यता पुरा गरेको स्वघोषणा गर्नुपर्नेछ।
२. प्रथम चरणको शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षा तथा प्रयोगात्मक परीक्षाहरु आवश्यक साधन स्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछन्।
३. खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा दरखास्त दिने उम्मेदवारलाई एक पटक मात्र प्रथम चरणको शारीरिक परीक्षण/तन्दुरुस्ती परीक्षा तथा प्रयोगात्मक परीक्षाहरुमा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ।
४. दरखास्त दिने अन्तिम मितिसम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ।
५. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।
६. निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
७. आयोगद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
८. शारीरिक परीक्षण/तन्दुरुस्ती परीक्षा तथा प्रयोगात्मक परीक्षामा आउँदा र लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुले अन्तर्वार्ता दिनुभन्दा अगावै शैक्षिक योग्यता र नागरिकताको सक्कल प्रमाणपत्रको साथै प्रतिलिपिहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
९. खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईनेछ।
१०. लिखित परीक्षामा सम्मिलित हुने उम्मेदवारहरुले उत्तरपुस्तिकामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा परीक्षा रद्द हुनेछ।
११. खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
१२. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि कार्यालयहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ।
१३. समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
१४. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको कार्यालयहरुको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ।
१५. पाठ्यक्रम आयोगको Website बाट प्राप्त गर्न सकिनेछ।

**समावेशीतर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरु:-**

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिँदा देहाय अनुसारका कागजातहरु दरखास्त फारामसाथ संलग्न गरेर मात्र दरखास्त दिनु पर्दछ। शारीरिक तन्दुरुस्ती परीक्षा/प्रयोगात्मक परीक्षा दिन आउँदा र लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। दरखास्त दिने समयमा उल्लेखित कागजातहरु संलग्न नगरेमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) अपाङ्गका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(ङ) पिछडिएको क्षेत्रका हकमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम बुझाउने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिश।
स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको व्यहोरा पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइसराईको हकमा छाडेको र गएको गा.वि.स./न.पा.को बसाई सराई गरेको व्यहोरा खुल्ने कागजात।

## सिफारिस सम्बन्धी सूचनाहरु

लोक सेवा आयोगबाट प्रकाशित देहाय बमोजिमको विज्ञापनको सिफारिस सम्बन्धी सूचना यस आयोगको वेबसाइटमा प्रकाशन गरिनुका साथै सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँस गरिएको र आयोगको मिति २०८०/२/३१ को सूचनापत्र (Bulletin) मा समेत प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | सेवा, समूह, उपसमूह | श्रेणी/तह | पद |
|---|---|---|---|---|---|
| **लोक सेवा आयोग, केन्द्रीय कार्यालय** | | | | | |
| १. | १६६९०/०७९-८० | आ.प्र. | राष्ट्रिय मानव अधिकार | अधिकृत द्वितीय | उपसचिव वा सो सरह |
| २. | १७१९६/०७९-८० | आ.प्र. | इञ्जि., एगृ इरिगेशन | रा.प. द्वितीय | उपसचिव वा सो सरह |
| ३. | १७१९७/०७९-८० | आ.प्र. | कृषि, ला.पो.एण्ड डे.डे. | रा.प. द्वितीय | उपसचिव वा सो सरह |
| ४. | १७१९८/०७९-८० | खुला | कृषि, माटो विज्ञान | रा.प. द्वितीय | उपसचिव वा सो सरह |
| ५. | १७१९९-१७२००/०७९-८० | आ.प्र. र दलित | कृषि, भेटेरिनरी | रा.प. द्वितीय | उपसचिव वा सो सरह |
| ६. | १७२०१/०७९-८० | आ.प्र. | वन, जनरल फरेष्ट्री | रा.प. द्वितीय | उपसचिव वा सो सरह |
| ७. | १७२०२/०७९-८० | आ.प्र. | वन, बोटानी | रा.प. द्वितीय | उपसचिव वा सो सरह |
| ८. | १७२०३-१७२०४/०७९-८० | आ.प्र. र खुला | विविध | रा.प. द्वितीय | वरिष्ठ समाजशास्त्री |
| ९. | १७२०५-१७२०६/०७९-८० | आ.प्र र महिला | शिक्षा, शिक्षा प्रशासन | रा.प. द्वितीय | उपसचिव वा सो सरह |
| १०. | १७२०७-१७२०८/०७९-८० | आ.प्र र महिला | शिक्षा, पुरातत्व, पुरातत्व | रा.प. द्वितीय | उपसचिव वा सो सरह |

## अन्तर्वार्ता तथा सिफारिस शाखा

### योग्यताक्रम सूचीबाट नाम हटाइएको

**सूचना नं. १६१६/०७९-८०**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको वि.नं. १७२०४/०७९-८० (खुला), नेपाल विविध सेवा, रा.प.द्वितीय श्रेणी, वरिष्ठ समाजशास्त्री पदको लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएका रोल नं. ८७०००३ का कुशलदेव घिमिरेले पेश गरेका कागजात बमोजिम निजको अनुभव आयोगको कार्य सञ्चालन निर्देशिका, २०७९ को दफा ११ (५) को (ज) मा व्यवस्था भए बमोजिम नरहेकोले लोक सेवा आयोग ऐन, २०७९ को दफा ३८ (३) अनुसार निजको दरखास्त, लिखित परीक्षा र अन्तर्वार्ता रद्द गरी निजको नाम योग्यताक्रम सूचीबाट हटाउने आयोगबाट मिति २०८०/२/२८ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सूचना तथा प्रकाशन शाखा

### दरखास्त र निवेदन पेश गर्ने सूचना

**सूचना नं. १६३५/०७९-८०**

मिति २०७९/११/२३ मा आयोगको अनलाइन दरखास्त प्रणालीमा समस्या आएको कारण उक्त समयमा दरखास्त तथा दरखास्त दस्तुर बुझाउन छुट भएका उम्मेदवारहरुका लागि मात्र मिति २०८०/३/५ सम्म देहाय अनुसार दरखास्त दिने म्याद तोकिएकोले आयोगको अनलाइन दरखास्त प्रणाली www.psconline1.psc.gov.np मार्फत दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**१. रा.प. अनं प्रथम श्रेणी (प्राविधिक) ना.सु. वा सो सरह पदका लागि**

आयोगबाट २०७९ माघ महिनामा प्रकाशित राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक) नायब सुब्बा वा सो सरह तथा स्वास्थ्य सेवाका पाँचौं तह र राष्ट्रिय मानव अधिकार सेवाका सहायक प्रथम (प्राविधिक) पदका लागि दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्न तथा दरखास्त दस्तुर बुझाउन सकिनेछ। यस अघि दरखास्त दिइ दस्तुर बुझाउन बाँकी उम्मेदवारहरुले समेत फेरी दरखास्त पेश गरी दस्तुर बुझाउनु पर्नेछ।

**२. रा.प. अनं प्रथम श्रेणी (अप्राविधिक) ना.सु. वा सो सरह पदका लागि**

आयोगबाट २०७९ पुस महिनामा प्रकाशित राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक) नायब सुब्बा वा सो सरह पदका लागि *आयोगबाट २०७६/२/१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिइएका परीक्षाबाट सिफारिस एवं पदस्थापन भई हाल कार्यरत स्थायी कर्मचारी मध्ये आयोगको मिति २०७९/११/५, सूचना नं. ११७३/०७९-८० बमोजिम दरखास्त दिन बाँकी उम्मेदवारहरुले मात्र* दरखास्त पेश गरी दरखास्त दस्तुर बुझाउन सकिनेछ। यसरी दरखास्त पेश गर्ने उम्मेदवारहरुले सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश बमोजिम उमेर हद नलगाई दरखास्त दिएको व्यहोरा खुलाई आयोगको अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा छुट्टै निवेदन अपलोड गर्नु पर्नेछ। यस अघि दरखास्त दिई दस्तुर बुझाउन बाँकी त्यस्ता उम्मेदवारहरुले फेरी दरखास्त पेश गरी दस्तुर बुझाउनु पर्नेछ।

**www.psc.gov.np**